# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.स. ०७६/०७७

च.नं. ४६

मिति: २०७६/०४/२८

विषय : विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी सम्बन्धमा ।

श्री १ देखि २९ नं. वडा कार्यालयहरु सबै ।
भरतपुर महानगरपालिका
भरतपुर, चितवन ।

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको मिति २०७६/०४/२३ च.नं. ९३ को प्राप्त पत्रबाट विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्नका लागि चालू आ.व. बाट भरतपुर महानगरपालिका समेत छनौटमा परेको हुँदा तपसील बमोजिमका कार्य प्रक्रियाहरु तत्काल अगाडि बढाउनु हुन भनी लेखी आएकाले सोही अनुसार गर्नु हुन अनुरोध छ ।

तपसील

१. आफ्नो वडामा उपलब्ध भएको क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुसँग कम्तीमा पनि ३ आर्थिक वर्षको लागि सम्झौता गर्ने । सम्झौताको नमूना सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ (पहिलो संशोधन) को अनुसूची -४ बमोजिम हुनु पर्ने छ । (अनुसूची -४ यसै साथ संलग्न छ ।)
२. बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेका वडाले ३ वर्ष भन्दा कम समयको लागि सम्झौता गरेको भए पुनः तीन वर्षको लागि सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ (पहिलो संशोधन) को अनुसूची -४ बमोजिम अध्यावधिक गर्नु पर्नेछ ।
३. बैंकसँग भएको सम्झौताको प्रति मिति २०७६/०५/१० गतेभित्र महानगरपालिकाको पञ्जीकरण शाखाको ईमेल -bharatpurmetrocity.panjikaran@gmail.com मा आईपुग्ने गरी पठाउनु पर्नेछ ।
४. विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ (पहिलो संशोधन) विभागको web site www.donidcr.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२०७६।०४।२८

देवु परियार
शाखा अधिकृत
शाखा अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np


Scanned by CamScanner

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन अनुसूची-४

प्रमाणित
२०७८।०७।२८
शाखा अधिकृत

**(भरतपुर महानगरपालिका ...... नं. वडा कार्यालय र बैंकबीचको सम्झौता पत्र)**

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम भरतपुर महानगरपालिका ........ नं. वडा कार्यालय (यस पछि महानगरपालिका भनिने) र श्री ............................ बैंक लि. .......................... (यस पछि बैंक भनिने) बीच सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरुको अधिनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

**शर्तहरु**

१. महानगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरुको नाम, नागरिकता प्रमाणपत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं.(MIS बाट आउने १३ अंकको), ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण MIS प्रणालीमा आधारित विद्युतीय माध्यमबाट (Forward Feed) बैंकलाई उपलब्ध गराउनेछ ।

२. बैंकले महानगरपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोबारको विवरण देखिन सक्ने गरी १३ अंकको सामाजिक सुरक्षा परिचय पत्र नं. बैंकको मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. पाँच वर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

४. बैंकले लाभग्राहीको खाता खोलिसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्युतीय माध्यमबाट महानगरपालिकालाई उपलब्ध गराउनेछ ।

५. महानगरपालिकाले प्रत्येक लाभग्राहीको विवरण Forward Feed मार्फत नाम, लक्षित समूह र पाउने रकम खुलाई एकमुष्ठ रकमको चेक हरेक चौमासिकमा बैंकलाई उपलब्ध गराउनेछ ।

६. महानगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत महानगरपालिकालाई उपलब्ध गराउनेछ ।

७. तथ्याङ्क आदान प्रदान गर्दा सुरक्षित API, Forward Feed/Reverse Feed जस्ता विद्युतीय माध्यमबाट मात्र गरिनेछ ।

८. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी महानगरपालिकाले तत्काल प्रणाली मार्फत बैंकलाई उपलब्ध गराउनेछ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी महानगरपालिकामा फिर्ता पठाउनेछ ।

९. बैंकले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र महानगरपालिकालाई दिनुपर्नेछ ।

१०. बैंकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोबार झल्कने प्रतिवेदन महानगरपालिकालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न महानगरपालिकाबाट लेखी आएमा बैंकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

११. ९० वर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क वर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणित भएका लाभग्राहीहरुको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक र महानगरपालिकाको समन्वयमा सेवाग्राहीको घरदैलोबाट सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंक मार्फत हिसाब मिलान गरिनेछ ।

१२. दुवै पक्षको सहमतिबाट लाभग्राहीहरुलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरु गरिनेछ ।

................................ ......................

महानगरपालिकाको तर्फबाट बैंकको तर्फबाट

Scanned by CamScanner